कोटहीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझगावाँ, रुपन्देही
लुम्बिनी प्रदेश

नदीजन्य पदार्थ उत्खननगारी बिक्रि वितरण तथा अन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धि सूचना
( दोस्रो पटक प्रकाशित मिति :-२०७९/११/०९ गते )

स्थानीय सरकार संचालन ऐन २०७४कोदफा११घ(१) घ(२) रघ(६)मा भएको व्यवस्था, लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यबिधि २०७५, आर्थिक ऐन २०७९ र कोटहीमाई गाउँकार्यपालिकाले तोकीदिएको नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि कोटहीमाई गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्थ गर्नुपर्ने भएकोले यो दोस्रो पटक ७ दिने सुचना प्रकाशित गरिएको छ।

१. फर्मको हकमा नबिकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि करदता प्रमाणपत्र, आ.ब. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदी तिरेको वा कृषि बिकास बैंक, भैरहवा शाखा मा रहेको यस कार्यालयको खाता न. (ग.४.१) ०४१४१०११५१०९४०४२ मा नगद जम्मा गरेको नगद भौचर साथ एवं जमानत वापतको रकम यस कार्यालयको कृषि बिकास बैंक लिमिटेड भैरहवा शाखा मा धरौटी खाता न. (ग.३) ०४१४१०११५१०९४०३४ जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि १२० दिन म्याद रहेको बैंक जमानी पत्र ( unconditional bid bond ) तथा बोलपत्रमा पेश गर्नु पर्ने र बोलपत्र खरिद गर्ने रसिद , भौचर तथा बैंक जमानी पत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ। निबेदन पेश गरि यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको (२०७९/११/१५) कार्यालय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिने छ।

२.कार्यालयबाट (Hard Copy) बोलपत्र उपलब्ध गराईने छ।

३.२०७९/११/१६गते दिनको १२:००बजे भित्र बोलपत्र दाखिला गरिसक्नु पर्ने छ र दाखिला भएका बोलपत्र,बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७९/११/१६गते दिनको १३:०० बजे कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा उक्त कार्यहरु बिदापछी कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

४.दाखिला हुन आएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ साथै रित नपुगेको बोपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

५. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुन्छन्।

६. एक फर्म वा संस्थाको नाम खरिद गरिएको बोलपत्र अर्को संस्था वा नाम बाट दाखिला गर्न पाइने छैन।

७. नदिजन्य पदार्थ लाई घाटगद्दी स्थल तोकी निर्धरित स्थान बाट मात्र उत्खनन् तथा बिक्रि विवरण गर्नु पर्ने छ।
८. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरि नियम अनुसार गरिने छ।
९. यस गाउँपालिका नदि तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणक सन्दर्भमा स्थानीय संचालन ऐन को दफा ११ को घ(१), घ (२), र घ (३) भएको व्यवस्था ,प्रदेश आर्थिक ऐन २०७९ (लुम्बिनी प्रदेश ) र नदिजन्य निर्माण सामग्री उपयोग सम्बन्धमा भएको (IEE) रिपोर्ट एवं नेपाल सरकारबाट भएको निर्देशन, प्राबधान बिपरित हुने गरि कार्य गर्न पाइने छैन।
१०. साथै यस कार्यलय बाट गराइएको प्राम्भिक वातावरणीय परिक्षण प्रतिबेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहने छ साथै गाउँ सभाका निर्णय र नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजिम हुने छन्।
११. बोलपत्रदाताले कबोल गरेको रकमको ५०% सम्झौता गर्न आउदा र बाकी रकमको बैंक ग्यारेन्टी २०८० अषाढमसान्त सम्मको दाखिला गर्नु पर्ने छ।
१२. अन्य कार्यविधिहरु सार्बजनिक खरिद ऐन , २०६३ सार्बजनिक नियमवाली ,२०६४ संसोधित सहित तथा नेपाल सरकारका अन्य प्रचलित कानुन बमोजिम हुने छन्।
१३. बोलपत्र सम्बन्धि अन्य थप केहि कुराहरु बुझ्नु परेमा यस कार्यालयको मोबाईल न. ०७१-४०१०२४ तथा कार्यालयको इमेल ठेगाना :- kotahimaimun@gmail.comमा सम्पर्क गर्न सकिने छ।

**तपशिल**

| क्र. स | सूचना न./ ठेक्का न. | ठेक्काको नाम | उत्खनन् परिमाण (घ.फु.) | न्युनतम ठेक्का रकम (सेवा शुल्क र मु.अ कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | 0३/KRM/R /0७९/८० | पकडी घाट बालुवा उत्खनन् ,संकलन तथा बिक्रि बितरण | ४०७९४६ | ३२६३५६८ | कबोल अंक को ५% | ३०००.०० | |
| २ | 0४/KRM/R /0७९/८० | कलावारी घाट बालुवा उत्खनन् ,संकलन तथा बिक्रि बितरण | ४६६२२४ | ३७२९७९२ | कबोल अंक को ५% | ३०००.०० | |
| ३ | 0५/KRM/R /0७९/८० | खडया घाट बालुवा उत्खनन् ,संकलन तथा बिक्रि बितरण | ५२९८०० | ४२३८४०० | कबोल अंक को ५% | ३०००.०० | |

प्रमुख प्रशासकिय अधिकृत